
**Gold Open Access**
Full contents are available in NepJOL(http://www.nepjol.info/index.php/DSAJ)
DOAJ (https://doaj.org/toc/1994-2672)

**Dhaulagiri Journal of Sociology and Anthropology**




# ग्रेगरी, पिसकोर र धामी-झाँक्री संस्कृतिको अध्ययन

*दिनेश कार्की*

**Article Info**
Received: March 25, 2023
Revised: May 21, 2023
Accepted: May 23, 2023
Available Online: June 13, 2023
**DOI**: https://doi.org/10.3126/dsaj.v17i02.55726

मैले पहिलोपटक पिसकोर स्वयम्सेवक ग्रेगरी गेब्रियल मास्कारिनेकलाई ४५ वर्षअघि भेट्दा मेरो मनमा केही प्रश्नहरू उठेका थिए :

अमेरिकाजस्तो विकसित देशका नागरिकहरू नेपालजस्तो विकासोन्मुख देशमा आएर सेवा गर्न किन इच्छुक हुन्छन् होला ?

आफ्नो देश, परिवार र साथीहरूभन्दा हजारौं कोश टाढा सेवा गर्न उनीहरूलाई कुन कुराले प्रेरित गर्छ होला ?

भाषा फरक, संस्कृति फरक र मूल्य-मान्यता फरक भएको देशमा काम गर्न उनीहरूलाई कुन कुराले अभिप्रेरित गर्छ होला ?

म पिसकोर नेपालसँग सन् २००१ मा आबद्ध भएपछि र पिसकोर स्वयम्सेवकसँग लामो संगत गरेपछि मैले थाहा पाएँ "जीवनको एउटा मोडमा पुगेपछि मैले कति नाम कमाएँ वा कति पैसा कमाएँ भन्ने कुराले अर्थ राख्दैन । कति ठूलो घरमा बस्छु र कति महंगो कारमा चढ्छु भन्ने कुराले पनि अर्थ राख्दैन । म कति ठूलो पदमा छु र कति धेरै अधिकार प्रयोग गर्न सक्छु भन्ने कुराले पनि अर्थ राख्दैन । मैले कति जनालाई सहयोग गरें र तिनीहरूको जीवन रुपान्तरण गर्न मद्दत गरें त्यसले अर्थ राख्छ । हामी कस्तो समाज बनाउँदैछौं र कस्तो संसार छोडेर जाँदैछौं भन्ने कुरा यस्तै सोंच र अभ्यासले निर्धारण गर्छ ।"

स्वयम्सेवकको भावनाबाट प्रेरित भएर पिसकोरले नेपालमा काम गरेको ६ दशक नाघिसक्यो । गत वर्षको सेप्टेम्बर महिनामा पिसकोर नेपालले ६० औं वार्षिकोत्सव मनायो । यो अवधिमा करिब चार हजार पिसकोर स्वयम्वेकहरूले नेपालका विभिन्न जिल्लाहरूमा सेवा प्रदान गरे । विश्व शान्ति र मित्रता प्रवर्धन गर्ने उद्देश्यकासाथ पूर्वअमेरिकी राष्ट्रपति जोन एफ. केनेडीले सन् १९६१ मा यो कार्यक्रमको सुरुआत गर्नुभएको थियो । त्यसको एक वर्षपछि सन् १९६२ मा यो कार्यक्रम नेपालमा सुरु भयो ।

पिसकोर स्वयम्सेवक ग्रेगरीले सन् १९७७ मा जाजरकोटको खलंगास्थित त्रिभुवन माध्यमिक विद्यालयमा गणित विषय पढाउनु हुँदा म त्यही विद्यालयमा अध्ययनरत थिएँ । यसलाई संयोग नै मान्नुपर्छ, म उहाँको विद्यार्थी हुन सकिँन । उहाँले कक्षा- ७ का विद्यार्थीहरूलाई पढाउनु हुँदा म कक्षा- ६ मा अध्ययनरत थिएँ । उहाँले अर्को वर्ष कक्षा- ८ का विद्यार्थीहरूलाई पढाउनु हुँदा म कक्षा- ७ मा थिएँ । मैले देखेका परम्परागत शैलीभन्दा उहाँले फरक ढंगले पढाउनुहुन्थ्यो । कक्षा कोठामा पढाउनु हुँदा रंगीविरंगी कागजका सामाग्रीहरू प्रयोग गर्नुहुन्थ्यो । कहिलेकाही विद्यार्थीहरूलाई खुला चौरमा लगेर खेल खेलाउँदै सिकाउनुहुन्थ्यो । उहाँले अभ्यास गर्नुभएको फरक अध्यापन विधि म अहिले पनि सम्झन्छु ।

ग्रेगरी मैले भेटेका पहिलो पिसकोर स्वयम्सेवक हुन् । उहाँमार्फत् नै मैले पिसकोर नेपाल संस्थाको बारेमा जानकारी प्राप्त गरें । अर्को संयोग, उहाँमार्फत् मैले चिनेको पिसकोर नेपाल संस्थामा म विगत १० वर्षदेखि निरन्तर कार्यरत छु ।

धामी-झाँक्री प्रथा र उनीहरूले पाठ/उच्चारण गर्ने

१. लेखक ग्रेगोरीले अध्यापन गरेका विद्यालयका विद्यार्थी दिनेश कार्की हाल पिसकोर नेपालसँग आवद्ध हुनुहुन्छ ।

This work is licensed under the https://creativecommons.org/licenses/by-nc-sa/4.0/© Dinesh Karki
Email: khalanga1965@gmail.com

मन्त्रहरूमा उहाँको विशेष रुचि थियो । पछि उहाँले यही विषयलाई आफ्नो अध्ययनको विषय बनाउनुभयो । उहाँले स्नातकोत्तर तह र विद्यावारिधि (पीएचडी) अध्ययनको शोधपत्र यही विषयमा गर्नुभयो । उहाँले धामी-झाँक्री प्रथाबारे "रुलिङ अफ द नाइट : एन इथ्नोग्राफी अफ नेप्लिज शमन ओरल टेक्स्ट्स (सन् १९९५)" पुस्तक प्रकाशित नै गर्नुभयो । उहाँको नेपाली संस्कृतिप्रतिको रुचि, अध्ययन र योगदानका कारण सन् १९९७ मा वीरेन्द्र अलंकार पदकबाट विभूषित हुनुभयो । यो पदक पाउने उहाँ पाँचौं विदेशी नागरिक हुनुहुन्थ्यो । जाजरकोट जिल्लामा सेवा गर्नुभएका ग्रेगरी यो पदकबाट विभूषित हुनुभएको समाचारले जिल्लामा राम्रो चर्चा पाएको थियो । यो खबरले धेरै जिल्लाबासीहरूलाई उत्साह र प्रेरणा दिएको थियो ।

सन् १९९५ तिर जस्तो लाग्छ, ग्रेगरी नेपाल आउनुभएको बेला जाजरकोटबासीहरूलाई भेला गरेर प्रज्ञा प्रतिष्ठान, काठमाडौंमा उहाँले जाजरकोटमा गरेको धामी-झाँक्रीको अध्ययनबारे प्रस्तुति दिनुभएको थियो । उक्त प्रस्तुतिमा धामी-झाँक्रीहरूले मन्त्रहरूको पाठ/उच्चारणमार्फत् समस्याको पहिचान गर्ने, रोगको उपचार गर्ने र निर्देशनहरूलाई स्थापित गर्न एवम् सेवाग्राही र समाजबीच सन्तुलन कायम गर्न महत्वपूर्ण भूमिका खेलेको कुरा उल्लेख गर्नुभएको थियो ।

मैले सोधें -

"तपाइँ विज्ञानलाई सर्वोपरि मान्ने देशको नागरिक, के यी मन्त्रहरूले साँच्चिकै बिरामीहरूको रोग निको पार्छजस्तो लाग्छ ?"

उहाँले जवाफ दिनुभयो -

"मैले शताब्दीयौंदेखि प्रचलनमा रहेका सांस्कृतिक अभ्यासहरू र त्यससँग जोडिएका मान्यताहरूको बारेमा अध्ययन गरेको हुँ तर ती मन्त्रहरूले रोगको उपचार गर्छ/गर्दैन वा कत्तिको योगदान पुऱ्याउँछ, म यकिनसाथ भन्न सक्दिँन । यो मेरो अध्ययन भन्दा फरक विषय हो ।"

मान्छेको मस्तिष्कमा अद्भूत क्षमता हुन्छ । हामी यसको थोरै अंशमात्रै प्रयोगमा ल्याउँछौं । प्रसिद्ध वैज्ञानिक अल्बर्ट आइन्सटाइनको मृत्युपछि गरिएको उनको मस्तिष्कको अध्ययनले केवल ५ प्रतिशतमात्रै प्रयोग भएको तथ्य पत्ता लाग्यो । अथाह सागरजस्तो विशाल क्षमता भएको मस्तिष्कलाई जता लगायो उतै लाग्छ । जस्तो सोंच्यो, शरीरले उस्तै प्रतिक्रिया दिन सुरु गर्छ । जस्तो कि एउटा कैदीलाई अदालतले मृत्युदण्ड घोषणा गरेपछि उनलाई सोधियो- "तिमी कसरी मृत्युवरण गर्न चाहन्छौ ? विष पिएर कि गोमन सर्पको टोकाइबाट ?" विष पिएपछि प्राण त्याग गर्न केही घण्टाको समय लाग्छ । गोमन सर्पको डसाइबाट ५ सेकेन्डमा प्राण त्याग हुन्छ । दुइटै विकल्पहरू उनको जीवनको पक्षमा थिएनन् । केही घन्टा तड्पिएर मर्नुभन्दा छिटै प्राण त्याग गर्नु उपयुक्त लागेर कैदीले गोमन सर्पको टोकाइलाई रोजेका थिए ।

मृत्युदण्डको दिन कैदीलाई खुला चौरमा उभ्याइयो । कैदीले झण्डै २० फिट टाढा गोमन सर्प लिएर उभिएका मानिसलाई देखे । जेलरको आदेशपछि गोमन सर्प बोकेका व्यक्ति बिस्तारै-बिस्तारै कैदीको नजिक आए । करिब ५ फिटको दूरीमा आइसकेपछि कालो रंगको कपडाले कैदीको अनुहार ढाकियो । जेलरले संकेत गरेर सर्प बोकेको व्यक्तिलाई विस्तारै पछाडि हट्न भने र अर्को व्यक्तिलाई दुई वटा सियो लिएर कैदीको अगाडि आउन संकेत गरे । जेलरको निर्देशनपछि सर्पले टोकेजस्तो गरी दुई वटा सियो एकैपटक उनको हातमा घोचियो । उनको ५ सेकेन्डमै मृत्यु भयो । पार्थिव शरीरलाई पोष्टमार्टम गर्न पठाइयो । पोष्टमार्टम रिपोर्टले भन्यो - "शरीरभरि विष फैलिएको कारण कैदीको मृत्यु भयो ।" गोमन सर्पले टोक्यो भन्ने मस्तिष्कमा उत्पन्न भएको डर र अनुभूतिले मात्रै कैदीको शरीरभरि विष प्रवाह भयो ।

ग्रेगरीले दिनु भएको जवाफबाट मैले आँकलन गरें - धामी-झाँक्रीहरूले उच्चारण गरेको मन्त्रहरूले भौतिक रुपमा बिरामीको उपचार गरे वा नगरे पनि त्यो अभ्यास र स्थापित मान्यताहरूले बिरामीहरूलाई सकारात्मक मनोवैज्ञानिक असर भने अवश्य पार्छ ।

ग्रेगरी अन्तरमुखी स्वभावका हुनुहुन्थ्यो । समकालीन स्थानीय व्यक्तिहरूसँग उहाँको घनिष्टता थियो । यी सम्बन्धहरु जिन्दगीका अन्तिम दिनहरुसंग पनि कायम रहे । उहाँ अध्ययनशील र बौद्धिक क्षमतावान व्यक्ति हुनुहुन्थ्यो । उहाँले नेपालको संस्कृति र स्वास्थ्यसँग सम्बन्धित विषयमा अध्ययन गर्नुभयो र विभिन्न लेख-रचनाहरू प्रकाशित गर्नुभयो । गत वर्ष असार महिनामा उहाँको अवसान भएको खबरले हामीलाई मर्माहत बनाएको छ । नेपालको असल मित्र गुमाएको महसुस भएको छ ।

अध्यात्मले भन्छ -

"मानिसको शरीर मर्छ तर आत्मा कहिल्यै मर्दैन ।"

विज्ञानले भन्छ -

"शक्ति न सिर्जना हुन्छ न नाश हुन्छ । यसको रुपमात्रै परिवर्तन हुन्छ ।"

हामीले दाउरा बाल्यौं भने दाउरा धुवाँ र खरानीमा रुपान्तरित हुन्छ । धुवाँ - कार्बनडाइअक्साइडको रुपमा वायुमण्डलमा जान्छ र खरानी - पोटासियम, फस्फोरस तथा अन्य खनिजको रुपमा माटोमा विलय हुन्छ । विज्ञान र अध्यात्मको कोणबाट हेर्दा ग्रेगरीको भौतिक शरीर हामीबीच नभए तापनि उहाँ फरक स्वरुपमा यही ब्रम्हाण्डमा हुनुहुन्छ जस्तो लाग्छ । उहाँले नेपाललाई गरेको योगदानबाट हामीले शिक्षा र प्रेरणा लिनसक्यौं भने उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुने छ ।

- लेखमा व्यक्त विचार लेखकका निजी हुन् ।

फेब्रुअरी १६, २०२३

**दिनेश कार्की**, जाजरकोट, खलंगा, राधाकृष्ण निवासि हुनुहुन्छ। हाल अन्तर्राष्ट्रिय संस्थामा कार्यरत हुनु हुन्छ। वहाँले संयुक्त राष्ट्र विकास कार्यक्रम, पश्चिम तराई भु-परिधि परियोजना जस्ता संस्थाहरुमा काम गरि जलवायु परिवर्तन, वन व्यवस्थापन, जैविक विविधता संरक्षण एवं प्राकृतिक श्रोत व्यवस्थापन क्षेत्रमा योगदान पुऱ्याउनु भएको छ। त्रिभुवन माध्यमिक विद्यालय जाजरकोट खलंगाबाट एस.एल.सी. उत्तिर्ण गरेका कार्कीले वन-विज्ञान अध्ययन संस्थान पोखराबाट स्नातक तह र ऐडेनवरा विश्व-विद्यालय, स्कटलैण्ड, संयुक्त अधिराज्यबाट बन-विज्ञान बिषयमा स्नातकोत्तर तह अध्ययन गर्नु भएको छ।

**Email**: khalanga1965@gmail.com